प्रमाणित
०८०/१२/१६
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७९/१२/१५, कापा बैठक संख्याः१३-०७९/८०

कार्यपालिकाको कार्यालय
कञ्चन-३, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरू

१. प्रदेश समपुरक योजना छनौट सम्बन्धमा,

२. सेवाग्राही सहायता कक्ष (हेल्प डेक्स) स्थापना सम्बन्धमा,

३. कर्मचारी व्यवस्थापन सम्बन्धमा,

४. बेरोजगार ब्यक्तिहरूको सूचीकरण सम्बन्धमा,

५. कृषि अनुदान कार्यक्रम सञ्चालन सम्बन्धमा,

६. विविध ।

निर्णयहरू

**१. प्रदेश समपुरक योजना छनौट सम्बन्धमा,**

आर्थिक मामिला मन्त्रालय लुम्बिनी प्रदेश सरकारको च.नं. ७१० मिति २०७९/१२/०८ को पत्रबाट माग भए बमोजिम प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को अधिनमा रही यस गाउँपालिकाभित्र आगामी आ.व. २०८०/८१ मा सञ्चालन तथा कार्यान्वयन गर्नको लागि योजनाहरू छनौट गर्ने सम्वन्धमा थप छलफल आवश्यक रहेको हुदाँ मिति २०७९ साल चैत्र १६ गते विहान ठिक १० बजे बस्ने कार्यापालिकाको बैठकबाट निर्णय गर्ने गरि कार्य सूचि पेश गर्ने,

**२. सेवाग्राही सहायता कक्ष (हेल्प डेक्स) स्थापना सम्बन्धमा,**

कार्यालयको सेवा प्रवाहलाई सहज, सरल र सेवाग्राहीमैत्री बनाउनको लागि गाउँपालिकामा सेवाग्राही सहायता कक्ष (हेल्प डेक्स)को स्थापना गर्ने व्यवस्था मिलाउने ।

**३. कर्मचारी व्यवस्थापन सम्बन्धमा,**

क. गाउँपालिकामा स्थापना हुने सेवाग्राही सहायता कक्ष तथा गजेडी स्थास्थ्य चौकीमा स्थापना गर्न लागिएको २४ घण्टे प्रसुती सेवा लगायतका कामको लागि जिल्ला दररेट अनुसार भुक्तानी गर्ने गरी देहायको पदमा कुनै स्थानीय जनशक्ति दैनिक ज्यालादारीमा कामकाजमा लगाउने व्यवस्था गर्ने -

<u>देहाय</u>

- सहायक कम्प्युटर अपरेटर वा सो सरह १
- कार्यालय सहयोगी २

ख. यस गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरूमा पंखा, एसी, जेनेरेटर, इन्भर्टर लगायत विद्युतीय उपकरण तथा प्लम्बिङ्ग सम्बन्धी सामान्य मर्मत संभारको लागि समेत पटक-पटक बाह्य जनशक्तिबाट सेवा लिंदा कार्यालयको ठूलो धनराशी खर्च भई कार्यालयलाई थप आर्थिक व्ययभार पर्ने हुँदा उक्त विद्युतीय सामान र धारा टुटीहरूको सामान्य मर्मत संभार तथा नियमित रेखदेख गर्ने प्रयोजनका लागि कुनै संस्था, इलेक्ट्रिक/प्लम्बिङ्ग पसल अथवा सो सम्बन्धी योग्यता भएको कुनै दक्ष प्राविधिकसँग करार

नवराज ... 
गा.प्र. अध्यक्ष

प्रमाणित
सगरि गौतम
प्रमुख प्रशासकीय अधिकृत



सम्झौता गरी मासिक रू १५,०००।-(अक्षरुपी पन्ध्र हजार मात्र ) उपलब्ध गराउने गरी नियमित सेवा लिने व्यवस्था मिलाउने ।

४. **बेरोजगार व्यक्तिहरूको सूचीकरण सम्बन्धमा,**

आ.व. २०८०/८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाका ५ वटै वडाबाट बेरोजगार व्यक्तिहरूको सूचीमा सूचिकृत हुन तोकिएको समयभित्र रितपूर्वक पर्न आएका निवेदनहरू मध्ये बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को बुँदा ४ बमोजिम स्थानीय निर्देशक समितिको मिति २०७९/१२/१४ गतेको बैठकको निर्णय अनुसार स्वीकृति भइ आएका सूचिहरुलाई अनुमोदन गर्ने ।

५. **कृषि अनुदान कार्यक्रम सञ्चालन सम्वन्धमा,**

क. सिचाइ सम्वन्धी विभिन्न संरचना निर्माण खर्च शिर्षक ३११५५ मा विनियोजित रु १०,००,००० ।-(अक्षरुपी दश लाख मात्र) र कृषि यान्त्रिकिकरणका लागि कृषकहरुलाइ अनुदान कार्यक्रम ब.ख.शि.नं.२२७११ मा विनियोजित रकम रु १५,००,०००।- (अक्षरुपी पन्ध्र लाख मात्र) गरि जम्मा रु २५,००,०००।— (अक्षरुपी पच्चीस लाख मात्र ) बाट सम्वन्धित लाभग्राही/ कृषक/कृषि फर्म / कृषि सहकारी संस्था/उपभोक्ता समितिबाट ७ (सात) दिनको म्याद राखी सार्वजनिक सूचना मार्फत आवेदन /प्रस्ताव माग गरि गाउँपालिकाको ७५ (पचहत्तर) प्रतिशत अनुदानमा देहाय अनुसारका सामाग्री वितरण गर्ने,

देहायः
(क) पम्पसेट
(ख) समरसियल मोटर (पानी भित्र)
(ग) मोटर (जमिन सतह बाहिर )
(घ) पानी तान्ने पम्प

ख. आ.व.२०७९/८० को स्वीकृत वार्षिक बजेट सि.नं.२२० मा कृषि जन्य उत्पादित बालि वस्तु भण्डारणका लागि मिनि कोल्ड स्टोर निर्माण खर्च शिर्षक नं.३११७१ मा विनियोजित रु १०,००,००० ।-(अक्षरुपी दश लाख मात्र ) कार्यान्वयनका लागि कञ्चन गाउँपालिका वडा नं.२ को गजेडी हाटबजार क्षेत्र भित्र कार्यक्रम कार्यान्वयन गर्ने ।

६. **हाट बजार व्यवस्थापन सम्वन्धमा,**

क. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन, ललितपुरको च.नं. २९५ मिति २०७९/१२/०१ गतेको पत्रको सन्दर्भमाः

कञ्चन गाउँपालिका वडा नं.३ मा रहेको हरैया माध्यामिक विद्यालयमा हाल सञ्चालन भई रहेको हाटबजार सरसफाई, तथा अन्य वातावरणीय दृष्टिकोणबाट हाल उक्त स्थानमा सञ्चालन गर्न नसकिने

नवराज ढकाल
गा.पा. अध्यक्ष

प्रमाणित
०८०।१२।१६
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७९/१२/१५, कापा बैठक संख्या:१३-०७९/८०

भएको हुदाँ उक्त हाटबजारलाई तत्कालिन कञ्चन गाउँपालिका वडा नं.३ को अन्य स्थानमा स्थानान्तरण गर्न आवश्यक देखिएकोले गजेडी ५/च को कित्ता नं. ९४ र सो संग जोडीएको कित्ता नं.७ सँग जोडिएको जग्गामा क्षेत्र भित्र रहेन गरि हाटबजार सञ्चालन गर्ने। उक्त जग्गामा पुर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि माग गर्दै कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्ने ।

कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

नवराज
गा.पा. अध्यक्ष

कञ्चन गाउँपालिका